नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

मितिः- २०७८ बैशाख ६

श्री माधव कुमार नेपाल,
प्रतिनिधि सभा सदस्य,
सदस्य संघीय संसदीय दल,
नेपाल कम्युनिष्ट पार्टी एमाले।

विषयः- <u>स्पष्टीकरण पेश गर्नुहुन।</u>

तपाई, माधव कुमार नेपालले नेपाल कम्युनिष्ट पार्टी (एमाले) संघीय संसदीय दलको विधान विपरित पार्टी र पार्टीको सरकार विरुद्ध देहाय बमोजिमका अनुशासनहीन, अराजक र आपराधिक क्रियाकलाप हरुमा नेतृत्व, अगुवाई, समर्थन, सहयोग तथा परिचालन समेत के कति कारणले गर्नु भएको हो ?

१. नेपालको संविधानको धारा ८९(ङ) मा जुनदलको उमेदवार भई सदस्य निर्वाचित भएको हो त्यो दलले संघीय कानून वमोजिम निजले दल त्याग गरेको सुचित गरेमा संघीय संसदको सदस्य पद रिक्त हुने भन्ने व्यवस्था भएको, संघीय कानूनको रुपमा रहेको राजनैतिक दल सम्वन्धि ऐनको दफा ३१ले त्यसरी दल त्याग गरेमा स्वत दल त्यागेको मानिने व्यवस्था गरेको र दफा ३२ (१)(ग) ले निज आफैले वा निज समेत संलग्न भई नया दल गठन गरेमा दल त्यागेको मानिनेछ भन्ने व्यवस्था गरेको कुरा तपाईलाई अवगत नै छ । यस संविधान र कानूनी व्यवस्था विपरित तपाईले नेपालको संविधानको धारा २६९ र राजनैतिक दल सम्वन्धि ऐन २०७३ को दफा ३ वमोजिम तपाई समेत संलग्न भई नेकपा (एमाले) नाम र निर्वाचन चिन्ह सूर्यको दुरुपयोग गरेको यस गौरवशाली पार्टिले अवलम्वन गरी आएको राजनैतिक विचारधारा, दर्शन र कार्यक्रम भन्दा भिन्न गतिविधि संचालन गरी नया राजनैतिक दल गठन गरेको, सो राजनैतिक दलको छुट्टै भेला मिती २०७७ चैत्र ४ र ५ गते गर्नु भएको, केन्द्रीय कमिटि देखि माताहत

धुम्बाराहीः फोन: ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८०, पोष्टबक्स नं. ५४७१, ईमेल : office@cpnuml.org, वेवपेज: www.cpnuml.org
Dhumbarahi, Kathmandu, Nepal, Phone: +977 1 4378055, 4378090, Fax: +977 1 4015980, PO Box No. 5471, Email: office@cpnuml.org, Website: www.cpnuml.org

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

प्रदेश/जिल्ला/अन्य कमिटि तथा जनसंगठनहरु निर्माण गर्नु भएको र आफ्नो पार्टी अध्यक्षको नेतृत्वमा रहेको लोकप्रिय सरकार तथा राजनैतिक दलको विरुद्धमा पार्टी अध्यक्ष र महासचिवद्धारा मिति २०७७ चैत्र ३ गते गरिएको मौखिक तथा लिखित निर्देशनको अवज्ञा के कति कारणबाट गर्नुभएको हो ?

२. सम्मानीत सर्वोच्च अदालतको मिति २०७७ फागुन २३ गतेको फैसला पछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय कमिटीको दशौ, एघारौ र बाह्रौ बैठकहरुको निर्देशनको अवज्ञा गरि, उपरोक्त बैठकका निर्णयहरुको बारेमा विभिन्न भ्रम सृजना गरी पार्टीको विधान र निर्देशन विपरित नया राजनैतिक दल दर्ता गर्नु अघि त्यसको संगठनात्मक आधार खडा गर्न भेलाहरु आयोजना गर्दै पार्टी र जनवर्गीय संगठनका कमिटीहरु गठन गर्ने जस्ता कामहरुमा संलग्न हुनु भएको कारण के हो ? तपाईले अर्को राजनीतिक दल गठन गर्न नेतृत्व गरी अभियान संचालन गरी गराई हिडनु भएको अवस्थामा पार्टीबाट निलम्बन गरी सकिएको अवस्थामा पुनः सोही क्रियाकलाप किन दोहोर्याउनु भएको हो ?

३. तपाईले पार्टीको हित विपरित पार्टीको बैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेको, पार्टीको विधान निर्णय विपरित गुटबन्दी तथा षडयन्त्र गरेको, पार्टीको निर्णय बारम्बार उल्लघन गरेको, पार्टी प्रतिको निष्ठा र विश्वास नरहने गरी भ्रम फैलाई स्वयं पार्टी प्रतिको निष्ठा र विश्वासबाट च्युत भएको, पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने गरि निरन्तर विभिन्न क्रियाकलापहरु संचालन गरे/गराएको, गोपनियता भंग गरे/गराएको, नया राजनैतिक दलको स्वरुपमा पार्टी विरोधीहरुसंग साँठगाँठ गरे/गराएको, पार्टीले पठाएको जिम्मेवारीमा रहँदा निर्णय र निर्देशन विपरित विभिन्न कार्यहरु निरन्तर गरिरहेको/गराईरहेको र यस्ता अवाञ्छित क्रियाकलापहरुमा पार्टीका जिम्मेवार व्यक्तिहरुलाई सम्मिलित गराएको/उक्साएको, अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रहीत विपरित काम गरे/गराएको, पार्टीको विधानमा सदस्यले पालना गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लघन गरे/गराएको समेत प्रष्ट देखिएकोले यस्तो क्रियाकलाप निरन्तर गरी/गराई पार्टीको हित विपरित, पार्टी एकता, अक्षुण्णता र अग्रगामी कार्यको विरुद्ध पार्टीको लोकप्रिय सरकारले राष्ट्रहीत तथा जनहीतका लागि गरिरहेका र गर्नुपर्ने कार्यलाई विभाजनको दिशामा लान यस्ता विभिन्न अनुचित क्रियाकलापहरु

धुम्बाराही: फोन: ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८०, पोष्टबक्स नं. ५४७१, ईमेल : office@cpnuml.org, वेवपेज: www.cpnuml.org
Dhumbarahi, Kathmandu, Nepal, Phone: +977 1 4378055, 4378090, Fax: +977 1 4015980, PO Box No. 5471, Email: office@cpnuml.org, Website: www.cpnuml.org

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

गरे/गराएको देखिएकोले त्यस्ता विभिन्न क्रियाकलापहरु के-कति कारणले निरन्तर गर्नु/गराउनु भएको हो ?

४. तपाईले कर्णाली प्रदेश सभामा प्रदेश सभाका सदस्यहरुलाई उचाल्दै भट्काउँदै अनुशासनहीन अराजक एवं पार्टी विरोधी क्रियाकलाप गर्न दुरुत्साहन गर्ने फ्लोर क्रस गरी पार्टीको व्हिप उल्लंघन गर्दै मतदान गर्न निर्देशन दिने जस्ता अनुशासनहीन र आपराधिक कार्य समेत गरे/गराएकोले तपाईलाई यसरी पार्टी वा पार्टीको संसदीय दल परित्याग गरिएतापनि दल त्याग गरेको किन नभन्ने ?

५. यसरी पार्टी तथा आफ्नो सरकारका विरुद्धमा विभिन्न अवाञ्छित क्रियाकलाप निरन्तर गरिरहेको, घोषित रुपमा नया राजनैतिक दलको स्वरुपमा गतिविधि गरी पार्टीको निर्णय, नीति, नेतृत्व विरुद्ध शत्रुवत ढंगले प्रस्तुत गरी दुस्प्रचार र भ्रम फिजाउने कार्य किन गर्नु भएको हो ?

अतः नेपाल कम्युनिष्ट पार्टी (एमाले)को दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको पहिलो बैठकले गरेको निर्णय अनुसार तपाईलाई उपरोक्त आधार कारणहरु समेतबाट तपाईले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को विधान २०४९ (संशोधन २०७१ समेत) को धारा ४९ (क) (१) (२) (३) (४) (५) (६) (७) (१२) (१४) मा उल्लिखित व्यवस्थाहरु विपरित अनुशासन उलंघन गर्नुभएको प्रष्ट देखिएकोले तपाईलाई ऐ विधानको धारा ४९ (ख) (ग) धारा ५० बमोजिम किन कार्वाही नगर्ने ? साथै राजनैतिक दल सम्वन्धी ऐन २०७३ को दफा १(ग) वमोजिम तपाईले छुट्टै राजनैतिक दल गठन गरेको मा किन कारवाही नगर्ने ? र तपाईलाई संघीय संसदको सदस्य पदवाट किन नहटाउने ? आधार कारण सहित दुई दिन भित्र स्पष्टिकरण पेश गर्नुहुन निर्देशन गर्दछु।

तपाईलाई यस अघि पनि तपाईका यस्तै क्रियाकलापहरुलाई लिएर स्पष्टिकरण सोधिएकोमा तपाईले गल्ती महसुस गर्नुको सट्टा उल्टै मर्यादाहीन, झुठा र नसच्चिने उद्घोष सहितको उद्दण्डजवाफ प्रस्तुत गर्नु भएको पृष्ठभूमि समेत तपाईलाई स्मरण गराउदै यस्तै गतिविधिहरु कायम रहेमा तपाईलाई जुनसुकै बेला पनि थप कडा कारबाही गर्नु पर्ने अवस्था आउन सक्ने तर्फ सचेत गराउदै, यस्ता पार्टी विरोधी गतिविधि बन्द गर्न र सहि बाटोमा फर्किने मौका दिन यो स्पष्टीकरण पत्र लेखिएको छ।

धुम्बाराही: फोन: ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८०, पोष्टबक्स नं. ५४७१, ईमेल : office@cpnuml.org, वेवपेज: www.cpnuml.org
Dhumbarahi, Kathmandu, Nepal, Phone: +977 1 4378055, 4378090, Fax: +977 1 4015980, PO Box No. 5471, Email: office@cpnuml.org, Website: www.cpnuml.org

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

Communist Party of Nepal (UML)

केन्द्रीय कार्यालय / Central Office

तपाईलाई सच्चिनको लागि यो अन्तिम मौका हो। आफ्ना विचार र क्रियाकलापहरु सच्याई नया राजनैतिक दलको रुपमा तपाई संलग्न भएको गतिविधिमा नलागी नेकपा (एमाले) दलको पक्षमा आउने प्रतिवद्धता सहितको सप्रमाण जवाफ प्राप्त भएमा पार्टीले बिचार गर्ने नै छ। यस सच्चिन दिईएको मौकालाई पार्टीको कमजोरी ठानी पार्टी विरोधी गतिविधिहरु कायमै राखेमा कुनै बखत कारवाही गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

के पी शर्मा ओली
अध्यक्ष
नेकपा एमाले तथा संसदीय दलको नेता

धुम्बाराही: फोन: ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८०, पोष्टबक्स नं. ५४७१, ईमेल : office@cpnuml.org, वेवपेज: www.cpnuml.org
Dhumbarahi, Kathmandu, Nepal, Phone: +977 1 4378055, 4378090, Fax: +977 1 4015980, PO Box No. 5471, Email: office@cpnuml.org, Website: www.cpnuml.org